सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौँ अधिवेशन
बैठक-५२
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:१८ बजे
बैठक स्थगित :४:१८ बजे

नेपाल सम्वत्:-११४६ २०८३ असोज १६ गते शुक्रबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौँ अधिवेशनको बाउन्नौँ बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य गोमा देवी तिमल्सिनाले भोटेकोशी बाढीका कारण रोकिएका कन्टेनर कोरोला नाका मार्फत काठमाडौं ल्याउन सडकमार्गको स्तरोन्नती गरिनुपर्ने जसले प्रभावित व्यापारीलाई राहत दिने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य जगत बहादुर पार्कीले चाँदनी-दोधारा झोलुङ्गे पुल क्षतिग्रस्त हुँदा स्थानीय नागरिक प्रभावित भएकाले तत्काल मर्मत सम्भार तथा पुनर्निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य नर बहादुर विष्टले देशैभरिका सडकमार्गको निर्माणमा ढिलाइ भइरहेको एवम् अवस्था कमजोर रहेकाले समयमै मर्मत सम्भार सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य भुवन बहादुर सुनारले राष्ट्रिय दलित आयोगको सक्रियतामा दलित समुदायको थर सूचीकृत गरी मन्त्रीपरिषद्मा पेश हुँदा स्वीकृत भएकोमा विभागीय मन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्दै दलित अधिकार तथा विकास सम्बन्धी कानून छिटो बन्ने अपेक्षा व्यक्त गर्नुभयो।

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले सीमा विवाद सम्बन्धी सम्माननीय प्रधानमन्त्रीको अभिव्यक्ति फिर्ता लिन माग गर्दै प्रतिनिधि सभाको रेकर्डबाट उक्त भनाइ हटाउन सम्माननीय सभामुखलाई आग्रह गर्नुभयो।

माननीय सदस्य युवराज शर्माले संयुक्त राष्ट्रसंघको मञ्चमा विश्वव्यापी सवालहरु शक्ति राष्ट्रको छाँयामा परेको जनाउँदै असाधारण व्यक्तित्व महात्मा गान्धीको जन्म जयन्तीको अवसरमा उहाँलाई स्मरण गर्नुभयो।

माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले विपद्जन्य घटनाका कारण केलादी, मिर्मी-हर्मिचौर लगायत पुल बगाएकाले विकल्पको बारे सोच्न एवम् प्रभावित किसानलाई क्षतिपूर्ती प्याकेज ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सुरेश कुमार आलेमगरले राष्ट्रिय सभाको दैनिक कार्यसूचीमा नेपाल सम्वत् सम्बन्धी महिना र तिथीको सम्पूर्ण बेहोरा उल्लेख हुनुपर्ने माग गर्दै चाडवाडको सम्मुखमा विपद्बाट प्रभावित सडकमार्ग सुचारु गर्नका लागि शीघ्र कार्य अगाडी बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, माननीय सदस्य जगत तिमिल्सिनाले सोध्नुभएको अर्थ मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेको तर्फवाट माननीय गृहमन्त्री सुधन गुरुङले सभा समक्ष टेबुल गर्नुभयो।

तत्पश्चात, माननीय सदस्य पदम बहादुर परियार, माननीय सदस्य विष्णु कुमारी सापकोटा र माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले सोध्नुभएको गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको उत्तर माननीय गृह मन्त्री सुधन गुरुङले सभा समक्ष टेबुल गर्नुभयो।

तदुपरान्त, पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित माननीय सदस्य मदन कुमारी शाह (गरिमा) र माननीय सदस्य पदम बहादुर परियारले सोध्नुभएको मौखिक प्रश्नहरूको उत्तर र माननीय सदस्य सोमनाथ पोर्तेलले सोध्नुभएको लिखित प्रश्नको उत्तर माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालको तर्फबाट माननीय गृहमन्त्री सुधन गुरुङले सभा समक्ष टेबुल गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय मन्त्रीबाट टेबुल गरिएका लिखित तथा मौखिक प्रश्नहरूको उत्तरको प्रति पिजन होलमा राखिएको बेहोरा जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले "महालेखा परीक्षकको त्रिसठ्ठिऔँ वार्षिक प्रतिवेदन, २०८३, निर्वाचन आयोग, नेपालको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन र मुस्लिम आयोग, नेपालको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

तदुपरान्त, विधायन व्यवस्थापन समितिका माननीय सभापति कृष्ण बहादुर रोकायले "विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्नुभयो।

तत्पश्चात, माननीय विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र संचालन) विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहाय बमोजिम माननीय सदस्यहरूले भाग लिनुभयोः-

१. माननीय सदस्य कृष्ण बहादुर रोकाय
२. माननीय सदस्य सुरेश कुमार आलेमगर
३. माननीय सदस्य सोनाम गेल्जेन शेर्पा

तदुपरान्त, माननीय विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले, माननीय विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री महावीर पुनले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र संचालन) विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेलले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहाय बमोजिम माननीय सदस्यहरूले भाग लिनुभयोः-

१. माननीय सदस्य खम्म बहादुर खाती

२. माननीय सदस्य राम कुमारी झाक्री

३. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा

४. माननीय सदस्य सम्झना देवकोटा

५. माननीय सदस्य विष्णु कुमारी सापकोटा

६. माननीय सदस्य सोमनाथ पोर्तेल

तदुपरान्त, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेलले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले, "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १३ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले, "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १३ सम्म उल्लिखित संशोधनहरू "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

तदुपरान्त, सम्माननीय अध्यक्षले, विधेयकको दफा २ देखि २९ सम्म "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः-

"**<u>प्रस्तावना</u>**: आन्तरिक वायुसेवालाई सुरक्षित, भरपर्दो, गुणस्तरीय तथा जिम्मेवार बनाई हवाई यात्रुको अधिकार संरक्षण गर्दै दुर्घटनाबाट यात्रुलाई लाग्नसक्ने चोटपटक वा हुनसक्ने अङ्गभङ्ग वा मृत्यू वा उडान विलम्ब, यात्रास्थगन लगायतका कारणले यात्रु, मालसामान वा तस्रो पक्षमा पुग्न सक्ने क्षति सम्बन्धमा आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।"

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेललाई "आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियामवली, २०७५ को नियम १८४ को उपनियम (२) बमोजिम सभाका १० दिन भन्दा बढी बैठकमा अनुपस्थित रहनु भएका माननीय सदस्य गोपाल कुमार बस्नेत, माननीय सदस्य जगत बहादुर पार्की, माननीय सदस्य जित जंग बस्नेत र माननीय सदस्य दुर्गा गुरुङको सूचना सोही नियमावलीको उपनियम (३) बमोजिम सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नुहुँदा सभाबाट स्वीकृत भयो।

तदुपरान्त, राष्ट्रिय सभाको चालु एक्काइसौँ अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट देहाय बमोजिमका माननीय सदस्यले मन्तव्य राख्नुभयो।

१. माननीय सदस्य कमला पन्त

२. माननीय सदस्य झक्कु प्रसाद सुवेदी

३. माननीय सदस्य मोहम्मद खालिद

४. माननीय सदस्य तुल प्रसाद विश्वकर्मा

५. माननीय सदस्य रोश्री मेचे

त्यसपछि, सम्माननीय अध्यक्षले चालु एक्काइसौँ अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य कामकारबाहीको संक्षिप्त विवरण सभा समक्ष जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट चालु एक्काइसौँ अधिवेशन अन्त्य सम्बन्धी प्राप्त पत्रको देहायबमोजिमको बेहोरा जानकारी गराउनुभयो।

"सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल असोज १३ को सिफारिसमा संवत् २०८३ साल असोज १६ गते शुक्रबार राती १२:०० बजेदेखि लागु हुने गरी सङ्घीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गरेको छु ।

(राम चन्द्र पौडेल)

राष्ट्रपति

२०८३ असोज १४"

तत्पश्चात, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य एवम् सहायक मन्त्री प्रकाश बहादुर गुरुङको निधनमा देहायबमोजिमको शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः

"प्रतिनिधि सभाका पूर्व सदस्य एवम् सहायक मन्त्री प्रकाश बहादुर गुरुङको ७२ वर्षको उमेरमा मिति २०८३ साल असोज १३ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय गुरुङ नेपाली काँग्रेस पार्टीको तर्फबाट वि.स. २०५६ सालको आम निर्वाचनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई उक्त कार्यकालमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहायक मन्त्री समेत हुनु भएको थियो।

यो बैठक स्वर्गीय गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

त्यसपछि, उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको चालु एक्काइसौँ अधिवेशन सम्बत् २०८३ साल असोज १६ गते राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी बैठक अन्त्य भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव